महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
नौगाड गाउँपालिका
दार्चुला

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३२१

मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नौगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

कैफियत सहितको राय

हामीले नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रू. ७२ लाख ७८ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।८।६ मा प्राप्त प्रतिक्रियाबाट रु. १ लाख ७७ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु. ११ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५६ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु. १४ लाख ४९ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु. ५ करोड १४ लाख ४३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २ करोड ४५ लाख ६३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, बैङ्क हिसाब मिलान नगरेको, करार कर्मचारी, निकासा फिर्ता, जिन्सी लगत, राजश्व लेखा अद्यावधिक नगरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नौगाड गाउँ कार्यपालिका, नौगाड गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

नौगाड गाउँपालिका, दार्चुला

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३९	९	७२७८	०	१	१७७	३९	८	७१०१	११	१४४९	५६४१	०	०	७०९०	०

अद्यावधिक बेरुजु स्थिति

२०७७।७८

(रु. हजारमा)

गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
५१४४३	०	३३९८१	१७४६२	०	७१०१	२४५६३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : नौगाड गाउँपालिका, दार्चुला , नौगद गाउँपालिका , दार्चुला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मान सिंह ठगुन्ना	२०७६-४-१	
कार्यालय प्रमुख	प्रितम सिंह ठगुन्ना	२०७७-१-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	मदन सिंह ठगुन्ना	२०७६-४-१	
लेखा प्रमुख	दल बहादुर बोहरा	२०७६-१०-१५	
		बेरुजु रकम	७,१०१,२७१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२५,९४,१९६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३६,३३,०६,४७७	चालु खर्च	२७,६८,०८,०९९
प्रदेश सरकारबाट अनुदान	२,९२,८३,०००	पूँजीगत खर्च	१६,९२,०१,१९५
राजश्व बाँडफाँट	५,७०,४५,१२५	वित्तीय/अन्य व्यवस्था	६,४१,०६,०६३.५
आन्तरिक आय	४७,४०,७५४		
अन्य आय	६,२३,१६,८९३		
कुल आय	५१,६६,९२,२४९	कुल खर्च	५१,०१,१५,३५७.५
बाँकी मौज्दात		९१,७१,०८७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परीचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दुहुँ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस दुहुँ गाँउपालिका अन्तर्गत 5 वडा, 27 सभा सदस्य, 65.35वर्ग किलोमिटर क्षेत्रफल तथा 13 हजार 233 जनसंख्या रहेको छ । लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती 2078/06/१८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : **वित्तीय विवरण विश्लेषण** **एकीकृत वित्तिय विवरण –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व ऐन,२०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालाइ नेपा सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम,आन्तरिक आय, ऋण तथा अनुदान र व्यिको विवरण देखिने गरी एकिकृत वित्तिय विवरण तयार गरी सम्बन्धीत प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले एकीकृत वित्तिय विवरण तयार गरी पठाएको दखिएन /वित्तिय विवरण तयार गरी समयमा सम्बन्धित निकायमा नपठाउदा सम्पूर्ण आर्थिक कारोवार देखिने यथार्थ विवरण देखिदैन । तोकिएको समयमा एकीकृत वित्तिय विवरण तयार गरी सम्बन्धित निकायमा समयमा पठाउनुपर्दछ ।	
२			**वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण NEPSAS based ढाँचामा तयार गरेको देखिएन । तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

https://nams.oag.gov.np

३

बैक हिसाब मिलान नगरेको

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
1.	स्थानीय सञ्चित कोष खाता	1590788.00	15768115.18	14177327.18
2.	धरौटी खाता	6970523.00	6990018.00	19495.00
	जम्मा	8561311.00	22758133.18	14196822.18

४

निकासा फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम (30) मा आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगाडि भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निमासा र खर्चको लेखा अद्यावधिकगरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष समाप्त हुनु अगावै तोकिएको समयमा निकासा खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्दगरी बाँकी मौज्दात वर्षान्तमा फिर्ता गर्नु पर्नेमा नगरी बाँकी रहेको रकम रु.93,69,469/50 पछिल्लो आर्थिक वर्षमा फिर्ता गरेको देखियो । तोकिएको समयमा खाता बन्द नगर्दा लेखा अद्यावधिक नहुने देखिन्छ । तोकिएको समयमा खाता बन्द गरी मौज्दात वर्षान्तमा फिर्ता गरी लेखा अद्यावधिक गर्नु पर्दछ ।

५

आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 10 ऐन, 3 नियमावली, 25 कार्यविधि समेत 38 कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.1,56,77,360/60 खर्च लेखेको पाईयो ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

			• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६			**जिन्सि लगत** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 95 मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सि मालसामानको आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ । यस पालिकाले वडा कार्यालयहरुलाई पेश्की दिई खरिद गरिएका जिन्सी मालसामानको वडा कार्यालयमा छुट्टै जिन्सी खाता राख्ने गरेको र पालिकाले मुल खातामा आम्दानी बाँध्ने नगरेको कारणले जिन्सी लगत अद्यावधिक भएको देखिएन । पालिकाले आफ्नो र अन्तरगत वडा तथा शाखाहरुमा रहेका जिन्सी मालसामानहरु गाँउपालिकाको मूल अभिलेखमा आम्दानी बाँधी जिन्सि लगत अद्यावधिक हुनु पर्दछ ।	
७			**प्रमुख प्रशासकिय अधिकृत**	
७.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था छ । आर्थिक वर्ष २०७7/०७8 मा प्रमुख प्रशासकीय अधिकृत पुरै आर्थिक वर्ष भरि प्रमुख प्रशासकीय अधिकृत रिक्त रही निमित्तबाट प्रशासकीय प्रमुखको काम भई रहेकोले प्रशासनिक कार्य निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट नियमित सञ्चालन हुन सकेको देखिदैन । प्रशासनिक कार्य लाई व्यवस्थीत गर्न प्रमुख प्रशासकिय अधिकृत नियमित रुपमा कार्यालयमा रही प्रशासनिक काम सञ्चालन गर्ने व्यवस्था गरी निमित्तबाट प्रशासनिक कार्य सञ्चालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	

७.२			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५९मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गश्वारा भौचर तयार गरी दोहरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक राजश्व वापत एकीकृत वित्तिय विवरणमा रु 47,40,754/- आम्दानी देखाएको रकमको गोश्वारा भौचर लगायत म.ले.प फारामहरु दैनिक आम्दानी रिपोट,दैनिक दाखिला,मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन । राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा वित्य विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकिदैन । राजश्व आम्दानी प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ ।	
८			**बजेट तथा कार्यक्रम** **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।	
९			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 1 र यो बर्ष थप भएको 12 गरी कूल 13 विवाद दर्ता भएकोमा 9 वटा मात्र फछर्यौट भई 4 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१०			**योजना तर्जुमा, बजेट तथा कार्यक्रम** **योजना र कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो	

मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र.सं.	विवरण	योजनासंख्या	रकम
१	रु १ लाखभन्दा कमको योजना	42	25 लाख 3 हजार
२	रु एक लाखएक देखि पाँच लाख सम्मका योजना	23	44 लाख 23 हजार
३	रु ५ लाखदेखि १० लाख सम्मका योजना	9	50 लाख 87 हजार
४	दश लाख एकदेखि ५० लाख सम्मका योजना	10	2 करोड 28 लाख 79 हजार
५	५० लाख भन्दा माथीका	3	3 करोड 4 लाख
	जम्मा	**166**	**6 करोड 52 लाख 92 हजार**

११

खर्च व्यवस्थापन

चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
1.	पूँजिगत खर्च	169201	15115	54291	99795	59226
	कूल खर्च:	169201	15115	54291	99795	59226
	खर्च प्रतिशत	100	8.94	32.09	58.98	35.00

१२

क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	63525360.00	60335619.00	13.53
पूर्वाधार विकास	79121756.00	72777871.00	16.32
सामाजिक विकास	224778250.00	214236747.00	48.03
वातावरण तथा विकास	14972750.00	9250188.00	2.07
संस्थागत विकास सेवा प्रवाह र सुशासन	32428120.00	30858632.00	6.92
अन्य कार्यालय संचालन तथा प्रशासनिक	62404129.00	58550238.00	13.13
जम्मा	**397858312.00**	**343143848.00**	

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा 48.03 प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विकासमा 2.07 प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१३

लक्ष्य प्रगति

आर्थिक कार्यविधि नियमावली,२०६४को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा २८६ कार्यक्रम संचालनगरी रु.३८,७४,५९,०००।– खर्च गरेकोमो उपर्युक्त नियम बमोजिम अनुसूची–२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । नियमावलीको व्यवस्था बमोजिम प्रगती विवरण तयार गर्नु पर्दछ ।

१४

संगठन तथा कर्मचारी व्यवस्थापन

			प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 73 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म 45 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुन प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित 28 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१५			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले सहायक कम्प्युटर अपरेटर 6 जना र उजुरी सहायक १ जना कर्मचारीहरु करारमा राखि रु.13,44,000/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको उपरोक्त पदमा 7 जना करार नियुक्ति गरी बर्षभरीमा रु.13,44,000/- भुक्तानी गरेको अनियमित देखिएको रु.	१,३४४,०००
१६			**वडा सचिवको पदपूर्ति** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको 6 दरबन्दी भएकोमा 5 पदपूर्ति भई 1 रिक्त भएको देखियो ।	
१७			**सेवाप्रवाहको स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 7 वटा ऐन, 2 वटा नियमावली र 17 बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	-
पञ्जिकरणतर्फ	
जन्मदर्ता	638
मृत्युदर्ता	28
बसाईसराई दर्ता	60
विवाह दर्ता	79
सम्बन्धविच्छेद दर्ता	-
पूर्वाधार विकास सडक निर्माण	37
कालोपत्रे सडक निर्माण	
कालोपत्रे सडक मर्मत	
ग्राभेल सडक निर्माण	
ग्राभेल सडक मर्मत	

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१८

योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७6÷७7 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश

योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
82	28	20	14	24	168

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.15,000/- देखि 1,50,00,000/- लाख सम्मका जम्मा 175 वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र 68 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१९

कानून निर्माण एवं कार्यान्वयन

कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 10 वटा ऐन,3 वटा नियमावली, 25 कार्यविधि लगायत 38 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।

२०

न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 1 र यो बर्ष थप भएको 12 गरी कुल 13 विवाद दर्ता भएकोमा 9 वटा मात्र फछ्र्यौट भई 4 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१

पदाधिकारी सुविधा

पदाधिकारी सुविधा – सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार सुदुरपश्चिम प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक सुविधामा रु.62,91,500/- खर्च लेखेको देखिन्छ ।

२२			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष तथा विविधतर्फ मात्र रु.9,06,167/- खर्च गरेको छ ।	
२३			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.8,59,662/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२४			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले शैक्षिक सेवा अन्तर्गत 3 वद्यालयलाई अंग्रेजी , वज्ञान शिक्षण सिकाइ अनुदान वापत रु.10,80,000/-, शैक्षिक गुणस्तर सुदृढिकरण कार्यसम्पादनमा आधारित अनुदान वापत 3 विद्यालयलाई रु. रु.19,50,000/- , राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत 2 वद्यालयलाई रु.19,50,000/-कोभिड 19 को उत्पन्न परिस्थितमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अनुदान वापत 37 विद्यालयलाई रु.4,44,000/- र 0-12 कक्षा स्वास्थ्य मापदण्ड प्रति विद्यार्थि अनुदान वापत 42 विद्यालयलाई रु.12,33,000/- समेत जम्मा रु.65,77,000/- खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
२५			**उपभोक्ता समिति दर्ता** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. 6,95,01,406/- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	
२६			**बार्षिक खरिद योजना/गुरुयोजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले	

बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.16,92,01,000/- पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२७

डीपीआर खर्च

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
डाँडा होपरी सतोला ग्रामिण सडक विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य	सरकस्पेक्ट कन्सल्टिङ सर्भिसेज प्रा.लि.	1628895.00	1628895.00	93,18,26,683/-
धुलीगाडा डाँडा रोड योजना विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य	एसर्टिभ कन्सल्टिङ ग्रुप प्रा.ली.	1103445.00	1103445.00	61,35,27,166/-
10 शैया अस्पताल नौगाड जामिर विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य	साइनिङ एक्सिस कन्सल्टेन्ट प्रा.लि.	1918853.00	1918853.00	18,20,76,734/-
प्रशासकिय भवन नौगाड गा.पा. विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य	एसर्टिभ कन्सल्टिङ ग्रुप प्रा.ली.	1963375.00	1800000.00	98368976/-
जम्मा:		**6614568**.00	**6451193**.00	

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

२८

निर्माण कार्यको गुणस्तर

			सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।	
२९			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.30,57,288/ - का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
२९.१			खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।	
२९.२			आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।	
२९.३			आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
२९.४			औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

२९.५			औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।	
३०			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा विभिन्न निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 1036 जनालाई रोजगारी उपलव्ध गराई रु.2,88,73,439/- खर्च गरेको छ । लक्षित वर्गलाई 52 दिनदेखि 100 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
३१			**सामाजिक सुरक्षातर्फ** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत केन्द्रिकृत सूचना प्रणालीमा अद्यावधिक गरेको तथा लाभ ग्राहिलाई बैंक खाता मार्फता सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएन । लाभग्राहिको लगत केन्द्रिकृत सुचना प्रणालीमा अद्यावधिकगरी बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्छ ।	
३२			**कोभिड–१९ तर्फ** आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः	

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
गत बर्षको बाँकी	1038243.00	राहत वितरण	863959.00
स्थानीय तहको आफ्नै वजेटवाट	7370000.00	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	3518439.00
संघीय कोभिड कोषवाट	1000000.00	औषधी एवं स्वास्थ्य उपकरण खरिद	537000.00
प्रदेश कोभिड कोषवाट		आइसोलेसन केन्द्र निर्माण	24000.00
अन्य स्रोतबाट		खोप कार्यक्रम खर्च	-
		जोखिम भत्ता	168000.00
		प्रशासनिक खर्च	
		अन्य खर्च	3089002.00
		वाँकी	1207843.00
जम्मा	**9408243.00**		**9408243.00**

३३			. *साविक गाउँविकास समितिमा रहेको आम्दानी सिप्टी गाउँ विकास समिति र इयरकोट गाउँविकास समितिको मौज्दात बाँकी रकम रु १७६६२७ ग्लोबल आइ एम ई बैंकमा रहेको विविध कोष खातामा रकको रकम स्थानिय संचित कोष खातामा आम्दानी बाँधी खाता अद्यावधिक हुनुपर्ने रु* **कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम रु १७६६२७। मिति २०७८।१०।२३ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो**	
३४			**प्रदेश सरकार हस्तान्तरित कार्यक्रम**	६९,१८०

मोवाइल खरीद – गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीको लागि पशुपती मोवायल सेन्टरबाट २ थान मोबाइल खरीद गरेको रु६९१८० खर्च लेखेकोमा निजी कार्यमा प्रयोग हुन समान खरीद गर्न मिल्ने आधार प्रमाण पेश हुनुपर्ने रु

३५ **संघ शसर्त पूँजीगत** १०,७७९

विल भरपाइ नभएको – सार्वजनिक खरीद नियमावली, २०६४ एव सम्झौताको शर्त वमोजिम नाप जाँच भएको आधारमा विल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य चौकी भवन निर्माणका निर्माण व्यवस्यी मालिकार्जून कन्स्ट्रक्सन ले रु ५१५१६९०।३४ मा २०७७।१२।२६ सम्पन्न गरेको निर्माण कार्यको प्रोभिजनल सममा रहेको रु ५०००० को विल भर्पाइ रु ३९२००।९० देखिएकोमा रु १०७७९।१० बढी देखियो। विल भरपाइ भन्दा बढी भुक्तानी हुदा यर्थार्थ विल भन्दा बढी भुक्तानी भएको देखियो । प्रोभिजनल सममा रहेको विमा रुकमको यथार्थ विलका आधारमा भुक्तानी हुनुपर्ने हुदा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु

३६ **विमा नगरेको**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढीकोनिर्माण कार्यगराउदा तोकिए वमोजिम विमा गराउनु पर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायिले गरेका निर्माण कार्यको लागत अनुमान तयार गर्दा परिमाण सूचीको आइटममा विमाको व्यवस्था नगरेको र निर्माण व्यवसायिले विमा गराएको देखिएन ।

य ोजनाको नाम	निर्माण व्यवसायीको नाम	कार्यसम्पन्न रकम
गौरी शंकर मा.वि. भवन निर्माण	लटवाव निर्माण सेवा	३७८५९६०।३४
सुकेखोला पनढुङ्गा कृषि सडक	मालिकार्जुन शिखर निर्माण सेवा	९४६०५९९।६६
मानाकोट सामुदायिक स्वास्थ्य भवन निर्माण	निसा निर्माण सेवा एण्ड सप्लायर्स	३८३७८७७।०२
सुकखोला पनढुङ्गा कृषी सडक	थ्रिस्टर निर्माण सेवा	७८३६३५९।८६

निर्माण कार्यको विमा नगराउदा निर्माण संरचनामा हुने सम्वाभित क्षेतिको जोखिम वहन नहुने देखिन्छ । नियममा व्यवस्था भए अनुसार तोकिएको सिमा भन्दा बढीको निर्माण कार्य गराउदा लागत अनुमा तयार गर्दा परिमाण सूचीको आइटममा विमाको व्यवस्था गरी सम्झौता गर्दा निर्माण कार्य शुरु देखि त्रुती सच्चउने अवधि सम्मको विमा गराउनुपर्दछ ।

३७ **निर्माण कार्यको चेनेज**

सार्वजनिक निर्माण कार्य गराउदा चेनेज अभिलेख दुरुस्त हुनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण गरेका सडक योजनाहरु क्रमागत हुने र सो योजनाहरु कुन स्थानबाट शुरु गरेर कुनस्थान सम्म सम्पन्न हुने हो सडको लम्बाइ एकीन गरी प्रत्यक वर्ष भएको कामको स्पस्ट चेनेज उल्लेख हुनुपर्दछ । कार्यालयबाट भएका सडक निर्मणको कार्य

क्रमागत भइरहेकोमा कुन वर्ष कति किलोमिटर कार्य भएको र हालसम्म कति किलो मिटर सम्पन्न भएको स्पष्ट देखिने गरि उल्लेख नभएको हुदा स्पष्ट उल्लेख हुनुपर्दछ । कार्यालयले निर्माण कार्यको रनिङ विल र नापी किताव तयार गर्दा अघिल्लो विलमा भएको कार्य स्पष्ट उल्लेख गरी एकीकृत नापी र रनिङ विल तोकिएको म.ले.प.फारम बमोजिम राखिनुपर्दछ । यस सम्बन्धी केहि उदाहरण निम्नानुसार छनः

योजनाको नाम	निर्माण व्यवसायीको नाम	खर्च रकम
सुकेखोला पनढुङ्गा कृषि सडक	थ्री स्टार निर्माण सेवा	7836359.86
सुकेखोला पनढुङ्गा कृषि सडक	मालिकार्जुन शिखर निर्माण सेवा	9460599.66
होपरी शितोलाखान सडक	सोनी निर्माण सेवा	3768713.03

३८			**आर्थिक सहयोग** स्थानीय सरकार सञ्चाल ऐन, 2074 मा स्थानीय तहका प्रमुख तथा पदाधिकारीले आर्थिक सहायत वितरणगर्न पाउने उल्लेख छैन । गाँउपालिकाको वडा नम्बर १ समितिको निर्णयकको आधारमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनलाई आर्थिक सहयोग रु.15,000/- भुक्तानी दिएको देखियो । गाँउपालिकाको विकास निर्माणको लागि निकासा भएको रकमबाट ऐनमा व्यवस्था नभएको सहायता रकम भुक्तानि दिनु नियम सम्मत देखिएन रु.	१५,०००
३९			**अन्य प्रयोजनमा खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा..... मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममामात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गर्न सकिने व्यवस्था छ । कार्यालयले छड्दै अस्तित्व र बजेट व्यवस्था भएको होपरीगाड प्रहरी चौकीको मासिक रु.7500/- ले वर्ष भरिको रु.90000/- घर भाडा भुक्तानी दिएको देखियो । कार्यालयको विनियोजित बजेट अन्य कार्यालयको प्रयोजनमा खर्च गर्ने कार्य नियमित नदेखिएको रु.	९०,०००
४०			**मूल्य अभिवृद्धि कर** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एक्काइसौं संसोधन) को नियम ६ ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुने आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । यस कार्यालयले यो वर्ष निम्न निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई सम्झौता रकमको भुक्तानी दिदा पचास प्रतिशतले हुने रकम कट्टा नगरी पूरै रकम भुक्तानी दिएको देखिएकोले नियममा व्यवस्था भए बमोजिम उक्त रकम राजश्व शिर्षकमा जम्मा भएको वा कर रकम समायोजन भएको प्रमाण पेश गर्नु पर्दछ रु.	२२४,२७२.५४

निर्माण व्यवसायी/ आपूर्तिकर्ताको नाम	विजक नं./ मिति	विल रकम	मूल्य अभिवृद्धिकर रकम	50 प्रतिशतले मू.अ. कर
लक्की कन्सट्रक्सन, डडेलधुरा	1-076/10/7	496157.82	56269.50	28134.75
कला गंगा कन्सट्रक्सन	2-076/10/7	477953.60	54175.58	27087.79
सरकमस्पेक्ट कन्सल्टिङ सर्भिस प्रा.ली.	192-076/7/28	1546970.00	177970.00	88985.00
साइनिङ एक्सिस कन्सल्टिङ सर्भिस प्रा.ली.	412-076/10/6	1195000.00	160130.00	80065.00
जम्मा				224272.54

४१ **वितरण भरपाई** १,२२३,०४०

आर्थिक कार्यविधि तथा वित्तीयय उत्तरदायित्व नियमावली,2077 को नियम ४1(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ र हानि नोक्सानी नहुनेगरि संभार तथा संरक्षणको उचित व्यवस्था गरेको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसारका सामाग्री खरिदगरी भुक्तानी खर्च लेखेकोमा वितरण भरपाई पेश भएन । खरिद गरिसकेका सामानहरुको वितरण भरपाई पेश गर्नुपर्दछ रु.

गो.भौ.नं./मिति	विवरण	रकम	वडा नं.
361-077/11/2	विउ विजन	99915.00	वडा नं. 5
72-077/7/5	विउ विजन	99345.00	
225-077/9/27	एच.डि.पी.पाइप 150 मी.	42375.00	
644-078/3/20	एच.डि.पी.पाइप 17400 मी.	981405.00	
	जम्मा	1223040.00	

४२ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मित्तव्ययीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्ग दर्शन 2075 मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु.2,10,940/82 इन्धन खर्च गरेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनासर वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्नेगरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मित्तव्ययी बनाउन कोटा निर्धारण गरी लग बुक राखेरमात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४३

सुरक्षित नागरिक आवास कार्यक्रम

यस पालकिले देहाय अनुसारको संख्यामा सम्झौता भएका लाभग्राहीहरुलाई सम्झौता रकम रु.५०,०००।— मध्ये पहिलो किस्ता वापत ५० प्रतिशतले हुने रकम रु.२५,०००।— दरले अनुदान उपलब्ध गराएको देखियो । पहिलो किस्ताको रकमबाट कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकम तोकिएकै उद्देश्यमा प्रयोग भए नभएको सम्बन्धमा कार्यविधिले तोकेबमोजिम सम्बन्धित स्थानिय तहको सिफारिस तथा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई दोश्रो किस्ता समेत भुक्तानी नभएसम्म पहिलो किस्ताको रकम तोकिएको प्रयोजनमा खर्च भए नभएको आस्वस्त हुने आधार प्रमाण नदेखिएकोले निम्नानुसार कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

क्र सं	वडा नं	सम्झौता भएका लाभग्राही सं	प्रथम किस्ता वापत पाएको रकम (रु=५०हजारको दरले)
1.	1	40	1000000.00
2.	2	32	800000.00
3.	3	12	300000.00
4.	4	9	225000.00
5.	5	22	550000.00
6.	6	50	1250000.00
		जम्मा	4125000.00

४,१२५,०००

४४

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छः

(रु हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
46490	३३९८१	१२५०९

४५

बेरुजु फछ्र्यौटको स्थिति

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७४।७५	१२	अनियमित			नियमित भएको		213065/ -
2.		11	घटी जनश्रमदान			नियमित भएको		700000/ -
३		१६	अनियमित			नियमित भएको		१०००००० ।
४	२०७५।७६	१६	बढी भुक्तानी	असुल				१९७८६
५		१७	बढी भुक्तानी	असुल				७५५४४
६		१८	प्रमाण		प्रमाण पेश तथा नियमित			२०५१००
		३४	प्रमाण		प्रमाण पेश तथा नियमित			८५०५६८।२६
		३५	प्रमाण		प्रमाण			६६०००
		३६	सामाजिक सुरक्षा		प्रमाण			९६०००
		३८	प्रमाण		प्रमाण			२७१०७२
		६	पेश्की				फछ्र्यौट	४९३१४३५
		३३	बजेट भन्दा बढी खर्च			अनुमोदन		७६७०६२५।७०
		९	अनियमित			नियमित		१०८१८४५२।
		२४	अनियमित			नियमित		८५८०३६
		१४	सोझै खरिद			नियमित		१७१२४२५।१२
		१९	धरौटी कट्टा नगरेको			नियमित		१२४८०५
		१४	अनियमित			नियमित		४३६८५४१।९१
						जम्मा		३३९८१४५५।९९

४६

अद्यावधिक वेरुजु

यस पालिकाको २०७६।७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

(रु हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष कायम बेरुजू(B	संपरीक्षणबाट कायम बेरुजू(C)	अध्याविधक बाँकी बेरुजू(D) (D=A+B+C)
१२५०९	७१०१	-	१९६१०